नेपाल सरकार
राष्ट्रिय भूमि आयोग
जिल्ला समिति लमजुङ

पत्र संख्या:- ०७८/७९
चलानी नं.- ९०

मितिः २०७९/०२/१२

श्री नगरपालिका, गाउँपालिका सबै,
लमजुङ।

विषयः जानकारी/कार्यार्थ सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोगको मिति २०७९/०२/१२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित यसैसाथ संलग्न सूचना जानकारी/कार्यार्थ प्रेषित गरिएको व्यहोरा अनुरोध छ ।

(हेलिना श्रेष्ठ)
सदस्य-सचिव

श्री प्रशासन + विकास,
Website र बस समितिको
सूचना पाटीमा राखी
जानकारी दिने
२/१२

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

फोन नं. ०१-५३१२९३६/५३१३९३२

## जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना ।

**प्रकाशित मिति : २०७९/०२/१२ गते**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा ३५ (पैंतिस) दिनभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।